लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

भैरहवा, रुपन्देही

प.सं. २०८१/८२
च.नं. ३२८

मिति २०८१।११।१

विषय: आवश्यक सहयोग गरि दिने बारे।

श्री सियारी गाउपालिका
गाउकार्यपालिकाको कार्यालय
शिक्षा शाखा सियारी रुपन्देही।

प्रस्तुत विषयमा यस कार्यालयको चालु आर्थिक बर्ष २०८१।०८२को बार्षिक कार्यक्रम अनुसार त्यस पालिका भित्रका निजामती सेवामा प्रवेश गर्न ईच्छुक निम्न बर्गिय समुदायका युवा युवतीहरुलाई लोक सेवा तयारी कक्षा संचालन गर्नुपर्ने भएकोले ईच्छुक ब्यक्तीहरुलाई सूचना प्रकासित भएको मितिले १५ दिन भित्र निवेदन दिन सूचना प्रकासित गरिएको हुँदा उक्त सूचना प्रचार प्रसारका लागि पालिकाका सबै वडाहरुमा पठाई प्रचारप्रसार गरि दिनु हुनका साथै निवेदन पेश गर्ने प्रशिक्षार्थीहरुको म्याद समाप्त भएको लगत्तै पालिकावाट सूचनामा उल्लेखित संख्या भन्दा वढी नहुने गरी मापदण्डलाई प्राथमिकता दिई छनौटको अन्तिम सुची तयार गरी यस कार्यालयमा पठाई सहयोग गरि दिनु हुन अनुरोध छ।

हरि बहादुर विष्ट
निमित्त कार्यालय प्रमुख

सियारी गाउँपालिका
रुपन्देही
दर्ता नं.: 2660
मिति: ०८१।११।०६
हस्ताक्षर:

श्री प्रशासन शाखा
निजामती सेवा वडामा टाँस गर्ने
प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुहुन
साथै Website र Facebook
मा अपलोड गर्ने व्यवस्था होस्
११/०६.

फोन नं. ०७१-५७५५२६, ०७१-५९०३२२ E-mail: sddo.rupandehi@gmail.com Web Site: sddorupandehi.lumbini.gov.np

CamScanner

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

भैरहवा, रुपन्देही

प.सं. २०८१/८२
च.नं.

## सूचना।

यस कार्यालयको चालु आर्थिक बर्ष २०८१।०८२ को बार्षिक कार्यक्रम अनुसार निजामती सेवामा प्रवेश गर्न ईच्छुक युवा युवतीहरुलाई मर्चवारी गाउपालिका, सम्मरीमाई गाउपालिका र सियारी गाउपालिकामा २५/२५ जनाको समुह बनाई १।१ वटा लोक सेवा आयोग तयारी कक्षा संचालन गर्नु पर्ने भएकोले योग्यता पुगेका निम्न बर्गिय समुदायका ईच्छुक व्यक्तीले निम्न लिखित कागजात सहित यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र आ-आफ्नो गाउपालिकाको शिक्षा शाखामा निवेदन दिनु हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।निवेदन संकलन भएपछि अन्तिम छनौट गाउपालिकाले गरी छनौट भएका प्रशिक्षार्थीको सूची यस कार्यालयमा पठाउनु पर्ने व्यहोरा समेत अनुरोध छ।

तपसिल

शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण सस्थाबाट प्रविणता प्रमाण पत्र वा प्लस टु तह उतिर्ण।

निवेदन साथ सम्लग्न गर्नुपर्ने कागजानहरुः

१.पालिका/वडाबाट निम्न बर्गिय वा आर्थिक अवस्था कमजोर भएको भन्ने सिफारिस।
२.शैक्षिक योग्यताका प्रमाण पत्रहरु।
३.नेपाली नागरिकताको प्रमाण पत्र।

तपसिलका सेवा समुहमा संघीय निजामती सेवा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा प्रवेस गर्नका लागि प्रथम पत्र, द्वितिय पत्र र संघीय निजामती सेवाको तृतिय पत्रका लागि मिल्दाजुल्दा पाठ्यक्रमका विषयमा प्रशिक्षण गराईने छ।

तह र श्रेणीः-राजपत्रअनंकित प्रथम श्रेणी वा सहायक पाचौं तह

१.नेपाल प्रशासन सेवा/प्रदेश प्रशासन सेवा / स्थानीय तह सरकारी प्रशासन सेवा।

माथि उल्लेखित सेवाको लोक सेवा तयारी कक्षाका लागि जुन पालिकामा आवेदन दिइएको सोही पालिकाका लागि छुट्टाछुट्टै कक्षा संचालन गरिने छ।आवश्यक संख्या भन्दा बढी आवेदन पर्न आएमा निम्नलिखित मापदण्डलाई प्रायमिकता दिई अन्तिम छनौट गर्नुपर्नेछ।

१.निम्न वर्गिय आर्थिक रुपले कमजोर।
२.दलित/अपाङ्गता भएको।
३.महिला/मधेसी/आदीबासी/जनजाती
४.मुस्लीम/मुक्त कमैया कमलरी
५.पीछडा बर्ग/ सिमान्तकृत बर्ग
६.शैक्षिक योग्यतामा राम्रो प्रतिशत वा जिपिए भएको।

हरि बहादुर बिष्ट
निमित्त कार्यालय प्रमुख

ा नं. ०७१-५७५५२६, ०७१-५९०३२२ E-mail: sddo.rupandehi@gmail.com Web Site: sddorupandehi.lumbini.gov.np

CamScanner

CamScanner

मिति २०८१।   ।

श्रीमान अध्यक्ष ज्यू
............गाउपालिका
रुपन्देही

बिषयः लोक सेवा तयारी कक्षामा सहभागी हुन पाउँ।

महोदय

सामाजिक विकास डिभिजन कार्यालय रुपन्देहीको मिति २०८१।११।१ मा प्रकाशित सूचना अनेसार संघीय निजामती सेवा प्रदेश निजामती र स्थानीय तह सरकारी सेवामा प्रवेश गर्न चाहने निम्न वर्गिय आर्थिक रुपले कमजोर समुदायका युवा युवतीहरुलाई लक्षित गरी संघीय निजामती सेवाको नेपाल प्रशासन सेवाको राजपत्रअनंकित प्रथम श्रेणी र प्रदेश निजामती सेवा र स्थानीय तह सरकारी सेवाको प्रशासन सेवा सहायक पाचौं तहको लोक सेवा तयारी कक्षा संचालन गर्ने भनी सूचना प्रकाशित भएकोले उक्त तयारी कक्षामा सहभागी हुने ईच्छा भएको हुदा तपसिलका कागजात यसै निवेदन साथ सम्लग्न गरी पेश गरेको छु।उक्त तयारी कक्षामा सहभागी गराई दिनु हुन अनुरोध गर्दछु।

तपसिल

१.पालिका/वडाको सिफारिस
२.शैक्षिक योग्यताका प्रमाण पत्रहरु
३.नेपाली नागरिकताको प्रमाण पत्र

निवेदक
नाम

CamScanner
CamScanner